# सातौं राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा

## राष्ट्रिय सूचना आयोगबाट जारी गरिएको प्रेश विज्ञप्ति

सूचनाको हकसम्बन्धी ऐन, २०६४ साल भाद्र ३ गते बाट कार्यान्वयनमा आई आज सातौं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा आयोग सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा लागेका सम्पूर्ण महानुभावहरुमा हार्दिक शुभ कामना व्यक्त गर्दछ । **"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा"** २०६५ जेष्ठ २२ मा राष्ट्रिय सूचना आयोग गठन भए पछि सूचनाको हकको संरक्षण, सम्वर्धन र प्रचलनमा आयोग क्रियाशिल रहेको छ ।

सूचनाको हकको संरक्षण, सम्वर्धन र प्रचलन गर्ने सिलसिलामा आयोगले अन्तर्क्रिया कार्यक्रम, प्रशिक्षक प्रशिक्षण कार्यक्रम, छलफल/गोष्ठि, अभिमूखिकरण/प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गर्दै आएको छ । सार्वजनिक निकायमा सूचना अधिकारीको व्यबस्था गरि सूचनामा पहुँच पुर्‍याउन सूचना शाखाको व्यबस्था गर्नु पर्ने लगायतका विषयहरुमा जोड दिई आएको छ ।

शुरुका दिनमा सूचनाको हकसम्बन्धी ऐन र नियमका बारेमा नागरिकमा जानकारीको अत्यन्त अभाव रहेको पृष्ठभूमिमा उपत्यका लगायत देशका विभिन्न जिल्लाहरुमा आयोगले जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी आएको कुरा विदितै छ ।

आयोगबाट आ.व. २०६९/०७० मा पाँच जिल्लामा सूचना अधिकारीलाई अभिमूखिकरण प्रशिक्षण कार्यक्रम संचालन गरिएकोमा १७३ जना सहभागी हुनु भएको,

त्यसै गरी १५ जिल्लामा अन्तर्क्रिया कार्यक्रम संचालन गरिएकोमा ७९४ जना सहभागि हुनु भएको । १८ जिल्लामा ४१४ सार्वजनिक निकाय र केन्द्रीय स्तरका विभागहरु ४३ समेत गरि ४५७ सार्वजनिक निकायको अनुगमन भएको थियो ।

आ.व. २०६९/०७० मा गत वर्षको ४६ वटा समेत गरी २६० पुनरावेदन, उजुरी तथा निवेदन प्राप्त भएकोमा १९९ फछ्र्यौट भै ७६.५२% उपलब्धि भएको छ । गत विगत वर्षमा १३६ पुनरावेदन, उजुरी, निवेदन प्राप्त भएकोमा यस वर्ष २१४ वटा पर्न आएकोले ५७% वृद्धि भएकोबाट सूचना माग गर्ने प्रवृत्तिमा बृद्धि नै भएकोले उत्साहजनक नै मान्नु पर्ने हुन आउँछ ।

आयोगबाट भएका मुख्य मुख्य निर्णयहरुका सम्बन्धमा परिक्षार्थीले उत्तरपुस्तिका हेर्न पाउनु पर्ने सम्बन्धी निर्णय, नक्कली भ्याट बिल प्रकरण सम्बन्धी विषय, निःशुल्क तेल वितरणको विवरण, सूचना उपलब्ध गराएकोमा सूचनादाताको अवकास भएकोमा पुनःर्बहाली गर्ने र क्षतिपूर्ति दिने जस्ता निर्णय भएबाट सूचनादाताको संरक्षण हुन सकेको छ । यसैगरी बिभिन्न आयोगका प्रतिवेदनहरु अध्ययन, अवलोकन गरि उपयुक्त सूचना सार्वजनिक गर्ने तथा सार्वजनिक तथा व्यक्तिगत हानी नोक्सानी तथा सम्पत्तिको क्षति पुर्‍याउने खालका सूचनाहरु प्रकाशन नगर्ने निर्णय भएबाट सार्वजनिक हानी नोक्सानीबाट पीडितले क्षतिपूर्ति प्राप्त गर्न सक्ने अवस्थाको श्रृजना गर्न मद्दत गरेको तथा सूचनाको संरक्षण गर्ने गराउने कार्य भएबाट आयोग सूचनामा नागरिकको पहुँच तथा संरक्षण समेत गर्न सक्षम रहेको छ ।

सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि सूचना अधिकारीको नियुक्ति, सूचना शाखाको व्यवस्था, सूचनामा सूचना अधिकारीलाई सरल र सहज पहुँच, न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था, नियमित प्रशिक्षण, स्वतः सक्रिय भै सूचनाको सार्वजनिकरण (Pro-Active Disclosure) गर्ने व्यवस्था, सूचना दिएको र दिन इन्कार गरिएको विषयको अभिलेख, सूचना सार्वजनिककरण गरेको विषय लेखा परिक्षणको

विषय बनाइनु पर्ने र केन्द्रस्तरका निकायबाट निरन्तर अनुगमन गर्ने व्यवस्था लागु गर्ने सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा केन्द्रीय नोडल एजेन्सी (Central Nodal Agency) स्थापना गर्ने सम्बन्धमा आयोगबाट कार्यविधि तर्जुमा भैसकेको र हाल संशोधित नियमावलीले नेपाल सरकारले यस्तो निर्देशिका जारी गर्न सक्ने अधिकार प्राप्त भएकोले छिटै जारी हुने अपेक्षा गरिएको छ ।

सबै सार्वजनिक निकायहरुमा सूचना अधिकारीको नियुक्ति गरि आयोगलाई जानकारी गराउन केन्द्रीय स्तरका निकायहरु जस्तै जिल्लास्थित कार्यालयका हकमा प्रमुख जिल्ला अधिकारीबाट, सहकारी संस्थाहरुमा सहकारी विभाग, बैंक, वित्तिय संस्था, सार्वजनिक संस्थानका बोर्ड सर्मिति कार्यालयका हकमा नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयहरुलाई सूचना अधिकारीको नियुक्तिको व्यवस्थाका लागि अनुरोध गरिएको छ ।

आयोगको सीमित श्रोत र साधनका बावजुद पनि गैर सरकारी संस्थाहरुबाट समेत सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा आयोजित अन्तरक्रिया कार्यक्रम, प्रशिक्षण कार्यक्रमहरुमा आयोगको सहभागिता, सहयोग र सहकार्य रहि आएको छ । यसरी प्रशिक्षित नागरिकको संजाल निर्माण गरी जिल्ला र गाउँस्तरमा सूचनाको प्रवाह र पहुँचमा अभिवृद्धि हुने आशा गरिएको छ ।

नागरिकलाई सूचना प्रवाह गर्ने कार्यमा सूचना अधिकार केन्द्रको स्थापना गरि कार्यान्वयनमा ल्याइएको छ ।

सूचना प्रवाहलाई सहज र सरल बनाउन तथा समन्वयात्मक ढंगबाट अगाडि बढाउन सूचना अधिकारी समाज पनि गठन भएको छ ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि ESP/DFID को आर्थिक सहयोगमा राष्ट्रिय सूचना आयोगले पञ्चवर्षिय रणनीतिक कार्य योजना तयार गरी लागु

२।२०।२०।

गरेको छ । यस अन्तर्गत पहिलो वर्षको कार्यक्रममा सरकारको धेरै बजेट खर्च हुने ३ वटा मन्त्रालयका ५ वटा जिल्लास्तरीय कार्यालयहरुमा MIS स्थापना गर्ने, माध्यमिक तथा उच्च माध्यमिक तहका विद्यार्थीका लागि सूचनाको हकसम्बन्धी पाठ्यक्रम तयार गर्ने, नेपाल सरकारद्वारा सञ्चालित तालिम केन्द्रहरुका लागि पाठ्यक्रममा सूचनाको हक सम्बन्धी विषय समेत समावेश गर्ने, सूचनाको हकसम्बन्धी विषयलाई गाउँ तहसम्म पुऱ्याउने बारे सञ्चार रणनीति तयार गर्ने, सूचनाको हकको बाधक ऐन नियम पुनरावलोकन गरी समयानुकुल संशोधन गर्ने, कर्मचारीहरुको दक्षताको अभिबृद्धि गर्ने र संगठन पुनर्संरचना गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्न लागिएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०।३।२५मा संशोधन भएको सूचनाको हकसम्बन्धी नियममा स्व-स्फुर्त सार्वजनिक गर्नु पर्ने विषयमा वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण, कार्यक्रम र प्रगति, वर्गिकरण र संरक्षण गरिएको सूचना र सो को अवधि, सूचना मागेको र दिएको अभिलेख राख्नु पर्ने व्यवस्था थप गरिएको छ । यसै गरि यस अघि ५ पृष्ठसम्म मात्र निःशुल्क सूचना पाईनेमा अब दश पृष्ठसम्म निःशुल्क पाइने भएको छ । साथै सूचना अधिकारी तोक्दा सकभर कार्यालय प्रमुख पछिको दोश्रो/तेश्रो अधिकारी तोक्ने, एक सदस्यीय इजलासबाट पनि प्रारम्भिक सूचनाका मागका सम्बन्धमा कारवाही गर्न सकिने, कानून व्यवसायी नियुक्त गर्न सकिने, निवेदन उजुरी ४५ दिन भित्र टुंगो लगाउन पर्ने र आयोगबाट भएको जरिवाना प्रमुख जिल्ला अधिकारीले असुल उपर गर्ने थप व्यवस्था गरिएकोले आयोगले हालसम्म सम्पादन गरि आएको कार्य अनुभवका आधारमा संशोधित नियमावलीबाट पारदर्शिता र खुलापन ल्याउन सहज हुन गई थप प्रभावकारीता आउने अपेक्षा गरिएको छ ।

आयोगका विगत वर्षहरुमा वार्षिक प्रतिवेदनमा दिएका सुझावलाई कार्यान्वयनमा लैजान आवश्यक रहेको छ । साथै नेपाल सरकारबाट कार्यान्वयन भएका शासकीय तथा आर्थिक सुधारका तत्कालिक कार्य योजनामा पनि सूचनाको हकको कार्यान्वयनलाई

प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान सबै मन्त्रालयका सचिवहरुलाई निर्देशन भएको तथा उच्चस्तरीय प्रशासन सुधार समितिको सुझावमा पनि सूचना प्रवाह र पहुँचलाई उच्च प्राथमिकता दिई कार्यान्वयनमा लैजान सुझाव प्राप्त भएबाट सूचनाको हकको कार्यान्वयनमा प्रभावकारीता आउने विश्वास गरिएको छ ।

सूचनाको हकको कार्यान्वयनमा सबै सार्वजनिक निकाय गैर सरकारी संघ संस्था, सूचनाको हक कार्यान्वयनमा लाग्नु भएका अभियन्ता, सञ्चार तथा प्रेस जगत लगायतबाट सही र विश्वसनीय ढंगबाट सूचना प्रवाहमा अझ बढी क्रियाशिलताको अपेक्षा गर्दै सदा झै आयोगलाई सहयोग हुने नै छ ।

070/5/3

धन्यवाद ।

२०७० भाद्र ३ गते सोमबार ।

राष्ट्रिय सूचना आयोग,

पेरीसमार्ग, कोटेश्वर, काठमाण्डौ ।

सम्पर्क फोन नम्बर :- ४६०२७४७, ४६०२०२०

फ्याक्स नम्बर :- ४६०१२१२

इमेल :- nicnepal@wlink.com.np

info@nic.gov.np

वेब साईट :- www.nic.gov.np